# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २३ गते २०३२ साल

श्री ५ को सरकार

### पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति ०३१।१०।११ को निर्णय अनुसार देहायबमोजिमको अध्यक्ष एवं सदस्यहरू रहेको दुर्गमक्षेत्र तथा स्थानीय विकास समिति गठन गरिएको छ।

(क) यस समितिमा देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू रहनेछन्:—

| | |
|---|---|
| (१) माननीय पञ्चायतमन्त्री— | अध्यक्ष |
| (२) माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग— | सदस्य |
| (३) माननीय पञ्चायतसहायकमन्त्री— | सदस्य |
| (४) पञ्चायतसचिव— | सदस्य |
| (५) दुर्गमक्षेत्र तथा स्थानीय विकास विभागका महानिर्देशक— | सदस्य—सचिव |

गैर सरकारी सदस्यहरू

तल लेखिएका जिल्लाहरूको प्रत्येक समूहबाट एकजना गरी जम्मा ४ (चार) जना गैर सरकारी सदस्यहरू राख्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दार्चुला, बझाङ, हुम्ला र मुगू जिल्लाहरूमध्ये कुनै एक जिल्लाबाट निर्वाचित राष्ट्रिय पञ्चायतका एकजना माननीय सदस्य।

(२) डोल्पा, मुस्ताङ्ग र मनाङ्ग जिल्लाहरूमध्ये कुनै एक जिल्लाबाट निर्वाचित राष्ट्रिय पञ्चायतका एकजना माननीय सदस्य।

(३) दोलखा, संखुवासभा, सोलुखुम्बू र ताप्लेजुङ्ग जिल्लाहरूमध्ये कुनै एक जिल्लाबाट निर्वाचित राष्ट्रिय पञ्चायतका एकजना माननीय सदस्य।

(४) रसुवा जिल्लाबाट निर्वाचित राष्ट्रिय पञ्चायतका एकजना माननीय सदस्य समितिमा गैर सरकारी सदस्यहरू राख्दा माथि लेखिएका जिल्लाहरूको प्रत्येक समूहको एक जिल्लाबाट माथि उल्लेख भएको जिल्लाको क्रमले राष्ट्रिय पञ्चायतका एकजना माननीय सदस्य राख्न पर्ने ।

(ख) गैर सरकारी सदस्यहरूको समितिमा रहने अवधि बढीमा २ (दुई) वर्षको गर्ने ।

(ग) समितिमा रहेका कुनै गैर सरकारी सदस्यको दुई वर्ष पूरा भई अवधि समाप्त भएमा वा समितिमा दुई वर्ष पूरा हुन नपाउँदै राष्ट्रिय पञ्चायतको सदस्यताको अवधि समाप्त भएमा माथि उल्लेख भएको निजको जिल्ला परेको समूहको दोस्रो जिल्ला (र दोस्रो जिल्लाबाट कोही निर्वाचित नभएको भए तेस्रो जिल्ला इत्यादि) को क्रमबाट अर्को राष्ट्रिय पञ्चायत सदस्य दुई वर्षको अवधिलाई समितिको गैर सरकारी सदस्य हुने गर्ने ।

(घ) विभिन्न मन्त्रालयका प्रतिनिधिहरू र अन्य विशेषज्ञहरूलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्ने व्यवस्था गर्ने ।

(ङ) खण्ड २२ मिति २०२६।११।१ को नेपाल राजपत्र भाग ४ (चार) मा प्रकाशित मन्त्रिपरिषद् सचिवालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले–
जंगबहादुर चन्द
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268